मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१५३ औं बैठक

आज मिति २०८२।०६।२६ गते दिउँसो १२:३० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिल:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | [signature] |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | [signature] |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | [signature] |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | [signature] |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | [signature] |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | [signature] |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | [signature] |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | मानमती |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री सपना कार्की | सदस्य सचिव | [signature] |

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु:**

१. विद्यालय दरवन्दी मिलान सम्बन्धमा ।
२. संघीय शिक्षण सिकाई अनुदान सम्बन्धमा ।
३. तह मिलान सम्बन्धमा ।
४. प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा ।
५. ठेक्काको म्याद थप सम्बन्धमा ।

कार्की
प्रमुख प्रशासकिय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

निर्णयहरु:

**निर्णय न. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विद्यालय दरवन्दी मिलान सम्बन्धमा आवश्यक मापदण्ड सहित दरवन्दी मिलानको प्रस्ताव तयार पारी कार्यपालिकामा पेश गर्ने जिम्मेवारी मेलौली नगर शिक्षा समितिलाई दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय न. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा संघीय शिक्षण सिकाई अनुदानमा ८ जना शिक्षहरु कार्यरत रहेकामा २ जना शिक्षकहरुको अपुग हुन आउने आवश्यक तलब रकम रु. ११,५५,९१४।- अक्षेरुपी एघार लाख पचपन्न हजार नौ सय चौध रुपैया मात्र यस मेलौली गरपालिकाको चालु आ.व. २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. ५८ खर्च शिर्षक २११११ राजस्व बाडफांड संघीय सरकार नगर स्रोतको पारिश्रमिक कर्मचारी कार्यक्रमबाट भुक्तनी दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय न. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा सो सम्बन्धमा अर्को बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय न. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको च.नं. ५१८ प.सं. २०८२।०८३ मिति २०८२।०६।०५ को पत्रानुसार खटाइएका प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएसम्म वा बढिमा चालु आ.व.को प्रथम त्रैमासिक अवधिका लागि आर्थिक तथा प्रशासनीक कार्य गर्ने जिम्मेवारी यस कार्यालयमा स्थानीय प्रशासन सेवा सामान्य प्रशासन समुह अधिकृत सातौ पदमा कार्यरत श्री सपना कार्की (कर्मचारी संकेत नं. २३६६४२) लाई दिइएकोमा हालसम्म मन्त्रालयबाट खटाइएका प्रमुख प्रशासकीय अधिकृत यस कार्यालयमा हाजिर नभएको र चालु आ.व.को प्रथम त्रैमासिक अवधि समेत सकिने लागेकोले कर्मचारी पदाधिकारीको तलव भत्ता भुक्तानी लगायत कार्यालयका अन्य नियमित आर्थिक प्रशासनिक कामकाज सुचारु राख्नुपर्ने भएकाले प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुन्जेल सम्मका लागि अधिकृत सातौ पदमा कार्यरत श्री सपना कार्की (कर्मचारी संकेत नं. २३६६४२) लाई आर्थिक तथा प्रशासनीक कार्य गर्ने जिम्मेवारी निरन्तरताका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय न. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस नगरपालिका अन्तर्गत संचालनमा रही विविध कारणवस तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको तपसिल बमोजिमका ठेक्काहरुको म्याद सम्बन्धित फर्महरुले माग गरेको अवधिका लागि तपसिल बमोजिम म्याद थप गर्ने र सो समय अवधिमा समेत कार्य सम्पन्न हुन नसकेमा ठेक्का स्वतः रद्ध हुने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिल

| क्र.सं. | ठेक्काको नाम | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|
| १. | वडा कार्यालय भवन निर्माण वडा नं. ५, खलिगाड | २०८२ चैत्र मसान्तसम्म | |
| २. | कमलपुर गंगेश्वर निलपाल कोटीगाउँ खेलमैदान निर्माण | २०८२ माघ मसान्तसम्म | |

सपना कार्की

प्रमुख प्रशासकिय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख